annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २७७ पृष्ठ १०+८ | काठमाडौं, सोमबार २८ माघ २०८१ | मार्ग शुक्लपक्ष त्रयोदशी, नेपाल संवत् ११४५ | MONDAY, FEBRUARY 10, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



# भ्रष्टाचारको जालो, तोड्नै साह्रो

## तजबिजी अधिकारको दुरुपयोग

मन्त्रिपरिषद्का सबै निर्णय नीतिगत हुँदैनन्। छैनन् पनि। सबैलाई समान रूपमा लागू हुने निर्णयमात्रै नीतिगत हुन्छन्। सहसचिव र सचिवको अधिकार मन्त्रीले खोस्ने अनि, मन्त्रिपरिषद्मा लगेर नीतिगतका नाममा ठूला-ठूला भ्रष्टाचार भएका छन्। मुलुकमा कुख्यात भ्रष्टाचारका काण्डमा यो वा त्यो कारणले मन्त्रिपरिषद् नै संलग्न छ। चाहे त्यो लाउडा होस् वा वाइडबडी काण्ड।

**खेमराज रेग्मी**

**- को विशेष आलेख**

## सुशासनका लागि चलायमान अर्थतन्त्र

अर्थतन्त्रलाई मजबुत ल्याउन गठन भएका नियामक निकायहरू क्रमश: कमजोर हुँदै गए। अर्थ मन्त्रालय मिलिजुली सरकारको समझदारी अनुसार चल्नु पर्दा फजुल खर्च कटौती गर्न सकिएन। राष्ट्र बैंकका गभर्नरलाई स्वयं सरकारले बेलाबखतमा बिच्क्याइरहँदा उनको मनाबल गिर्ने नै भयो। यसबाट बैंक र वित्तीय संस्थाहरूमा नटेर्ने र अनुशासनहीनता बढ्ने नै भयो।

**कृष्णहरि बास्कोटा**

**- को विशेष आलेख**

आलेख पृष्ठ २



साथमा ८ पृष्ठको सुशासन विशेषाङ्क

# नियामक निकाय गतिलो नहुँदा भ्रष्टाचार मौलायो



सूर्यनाथ उपाध्याय

भ्रष्टाचार, मुलुकको ठूलो समस्या हो। अर्थात्, भ्रष्टाचारले देश नै थिलथिलो भएको छ। भ्रष्टाचार घट्नुभन्दा बढिरहेको अवस्था छ। देश चलाउनेहरूले भ्रष्टाचारलाई प्रश्रय दिइरहेका छन्। उनीहरूकै संरक्षणमा भ्रष्टाचार मौलाइरहेको छ। देश चलाउँछु भन्नेहरूमा भ्रष्टाचार हटाउँछौ, सुशासन दिन्छौं भन्ने कुरा नारामा मात्रै सीमित भयो। यसतर्फ एकजात पनि काम भएको छैन। त्यसकारण जनतामा निराशा छ। आक्रोश छ।

देशमा आम्दानीभन्दा खर्च बढिरहेको छ। आम्दानी हुने ठाउँ नै छैन। उत्पादन नै छैन। बाहिरबाट ल्याएर आएको रेमिट्यान्सले मुलुक चलाउनु परेको छ। युवा पलायनको अवस्था डरलाग्दो छ। काम गर्ने जनशक्ति नै बिदेसिएको छ। आन्तरिक ऋणले देश चलेको छ। सरकारको आम्दानी घटेको घट्यै छ। आम्दानी नै नभएपछि के गर्ने त ? अर्को बाटो हुँदैन। भ्रष्टाचार गर्नु परिहाल्यो। भ्रष्टाचार नगरी खान पुग्दैन। सबैलाई पैसा चाहिएको छ। तलदेखि माथिसम्म नै पैसाको आशक्ति छ। उच्च पदस्थ नेता, कर्मचारीदेखि सामान्य कर्मचारी भ्रष्टाचारमा लिप्त छन्।

भएको पैसा पनि बाहिर गएको छ। सबै कुरा आयात गर्नु परेको छ। देशमा थोरै मात्र पैसा छ। नेताले पार्टी चलाउन मात्र होइन परिवार चलाउन पनि त यताउता नगरी नहुने अवस्था छ। कर्मचारीको अवस्था त्यस्तै छ। तलबले भात खान नै पुग्दैन। स्वास्थ्य, शिक्षाजस्ता विषय मौलिक हकभित्रै छन्। तर व्यवहारमा न शिक्षा नि:शुल्क छ न स्वास्थ्य नै। भात खान नपुग्ने तलबमा बालबच्चा पढाउन, लेखाउन, बिरामी भएमा उपचार गराउन पनि भ्रष्टाचार नगरी नहुने भएको छ। महँगी यस्तै छ। अनि के गरुन् त ? जसले गर्दा देशचाहिँ चुलुम्मै डुब्ने अवस्थामा पुगेको छ। लुटैलुट छ। भद्रगोल छ। अपवादबाहेक सबै नेता, प्रशासक भ्रष्ट छन्। सबैको ध्यान अकुत सम्पत्ति आर्जनमा छ। अर्थात् पैसा कुम्ल्याउनेतिर नै छ। त्यसैकारण यिनैले देश बनाउँलान् भन्ने आशा नै गर्ने ठाउँ छैन।

| साल | कुल अंक | स्थान |
|---|---|---|
| २०१२ | २७ | १३९ |
| २०१३ | ३१ | ११६ |
| २०१४ | २९ | १२६ |
| २०१५ | २७ | १३० |
| २०१६ | २९ | १३१ |
| २०१७ | ३१ | १२२ |
| २०१८ | ३१ | १२४ |
| २०१९ | ३४ | ११३ |
| २०२० | ३३ | ११७ |
| २०२१ | ३३ | ११७ |
| २०२२ | ३४ | ११० |
| २०२३ | ३५ | १०८ |

**समाधान के त ?**

देशको आम्दानी बढाउने नीति बनाउनु पर्‍यो। उत्पादन क्षेत्रमा लगानी गर्नु पर्‍यो। रोजगारी सिर्जना गर्नु पर्‍यो। त्यसका लागि सबैले परिश्रम र मेहनत गर्नुपर्‍यो। पहिला त देशको व्यवस्था नै ठीक हुनुपर्छ। देश नै जर्जर भएकोले अहिलेको अवस्था सिर्जना भएको हो। निर्णायक तहमा बसेका नेताहरू यसको लागि जिम्मेवार हुनै पर्छ। निराशै निराशाका बीच पनि मुलुकमा सम्भावना नभएका होइनन, प्रशस्त सम्भावना छन्। तर देशको नेतृत्व गर्नेले त्यसमा ध्यान नदिएर नै यो हालत भएको हो। गर्नुपर्ने भन्दा पनि गर्न नहुने काममा बढी केन्द्रित भए। जे कुरामा पनि पार्टीकरण, अति राजनीतीकरण गर्नमा उद्यत् रहेका छन्। देशको विकास र समृद्धि तथा सुशासन नारामा मात्रै सीमित राखे, मुखले भन्दिएर मात्रै न भ्रष्टाचार नियन्त्रण हुन्छ न सुशासन नै स्थापित हुन्छ। देशको आर्थिक उन्नतिभन्दा आफ्नो आर्थिक अवस्था सुधार्न नेता र प्रशासक लागेको कारण नै समस्या आएको हो। भ्रष्टाचार बढेको हो। देश गरिबीको दलदलमा फस्दै गएको हो। अति भ्रष्टाचार हुने मुलुकको सूचीमा पुगेको हो। नेपाल लामो समयदेखि अति भ्रष्टाचार हुने मुलुकमा पर्दै आएको छ। त्यसको सुधारको लक्ष्य नै देखिएको छैन। नीति निर्माणको तहमा बसेकाहरू देशप्रति जिम्मेवार नै भएनन्। आफू र आफ्ना आसेपासेको भर परे, लहैलहमा लागे। अनि, कहाँबाट हुन्छ भ्रष्टाचार नियन्त्रण ?

**संयन्त्र कति प्रभावकारी ?**

भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्नको लागि संयन्त्र नभएका होइनन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता संयन्त्र छन्। अख्तियार शक्तिशाली र प्रभावशाली संवैधानिक निकाय हो। अख्तियारका साथै भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्नको लागि भनेर प्रशस्त संरचना बनाइएका छन्। तर यस्ता संयन्त्रले स्वायत्त रूपमा काम गर्ने अवस्था छैन। तिनीहरूको गठन, नियुक्तिदेखि छानबिन, अनुसन्धान पनि प्रभावित हुने गरेका छन्। नियुक्ति प्रक्रियालगायतका समस्याले गर्दा उनीहरूमा काम गर्ने क्षमता पनि हुँदैन। भागबन्डामा पदाधिकारी नियुक्त हुन्छन्। भागबन्डाले लोकतान्त्रिक पद्धति र राज्य सञ्चालन प्रक्रियालाई संस्थागत गर्दैन। व्यक्तिवाद मात्रै हाबी गराउँछ। त्यस्तै भइरहेको छ।

हरेक कुरामा राजनीतिक हस्तक्षेप छ। नियुक्ति भर्ती केन्द्र बनाउने परिपाटी हाबी छ। कुनै राजनीतिक दलको फेरो नसमातेको व्यक्तिले यस्ता संयन्त्रमा पुग्न गाह्रो छ। स्वतन्त्र, निष्पक्ष, क्षमतावान् व्यक्तिलाई यस्ता संयन्त्रको नेतृत्व गर्न दिने र उनीहरू स्वतन्त्र रूपमा काम गर्न दिने हो केही नहुने पनि होइन। उनीहरू गर्न सक्छन्। गर्न सक्ने जनशक्ति पनि हामी कहाँ छ। मैले नै त्यो बेला गरेको कुरा सबैलाई विदितै छ। नियमन गर्ने निकाय गतिलो नभएपछि भ्रष्टाचार बढ्ने नै भयो। सरकारी सम्पत्ति अपचलन गर्ने, राजस्व छली गर्नेहरूको मनोबल बढ्ने नै भयो।

» बाँकी पृष्ठ ६

## प्रेस विज्ञप्ति

*सूचना प्रकाशित मिति : २०८१, माघ २८*

हालै केही संचार माध्यमहरू तथा विभिन्न सामाजिक संजालहरू मार्फत यस **सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि**. तथा कम्पनीका कर्मचारी, अभिकर्ता, शेयरधनी र संचालकहरूको प्रतिष्ठामा आँच पुऱ्याउने उद्देश्यले सुनियोजित रूपमा विभिन्न शिर्षक राखी कम्पनी प्रति नकारात्मक असर पुऱ्याउने नियतले कपोलकल्पित, भ्रामक, अतिरंजित र तथ्यहीन समाचारहरू प्रकाशन तथा प्रसारण गरिएको प्रति कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ।

जीवन बीमा क्षेत्रकै ऐतिहासिक सफल मर्जर सम्पन्न गरी कम्पनीले छोटो समयमा नै आफ्ना हरेक सूचांकहरूमा उत्कृष्टता हासिल गर्दै लाखौं बीमितहरूको रोजाईको कम्पनी बन्न सफल भएको छ। कम्पनीले यस आ.व.२०८१/८२ को पौष मसान्त सम्ममा कुल बीमा शुल्क रु.५०६.४७ करोड संकलन गरेको छ जुन अघिल्लो आर्थिक वर्षको तुलनामा १८.३१ प्रतिशतले बढी हो। कम्पनीले मर्जर पश्चात आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को बार्षिक साधारण सभा सम्पन्न गरी शेयरधनीहरूका लागि क्रमशः ३५ प्रतिशत र २० प्रतिशत गरी ५५ प्रतिशत लाभांस समेत बितरण गरीसकेको छ। आ.व.२०८१/८२ को पौष मसान्त सम्म कम्पनीको चुक्ता पूँजी रु ५०१ करोड, कुल लगानी रु ४,२४२ करोड, जीवन बीमा कोष रु.३,८०३ करोड, खुद नाफा रु.१९.६१ करोड, जारी बीमालेख संख्या ३१.७२ लाख, प्रशिक्षित अभिकर्ता संख्या १ लाख र देश भर रहेका १७४ शाखा संजाल मार्फत सेवा प्रदान गरीरहेको छ।

चालु आ.व.को पौष मसान्त सम्ममा कम्पनीद्वारा ११३४ वटा बीमालेखको मृत्युदाबी वापत रु.३८.९५ करोड, ७७ वटा बीमालेखको घातक रोग दाबी वापत रु. ३.९२ करोड र १३ वटा बीमालेखको अशक्तता दाबी वापत रु १.१ करोड गरी रु.४४.०६ करोड दाबी रकम भुक्तानी गरिसकेको छ। कम्पनीले जारी गर्ने हरेक बीमालेखहरू नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणको निर्देशिका अनुसार तयार गरी स्वीकृति पश्चात मात्र बिक्रिवितरण गर्ने गरिएको छ। साथै कम्पनीले कुनै पनि किसिमको दाबी भुक्तानी गर्दा नेपाल बीमा प्राधिकरणबाट स्वीकृत बीमालेखमा उल्लेख भएको सुविधा, शर्त तथा नियमहरू साथै पुनर्बीमा कम्पनीहरू सँग भएको सम्झौता अनुसार दाबी भुक्तानी गर्ने गरिएको छ। कम्पनीमा चालु आ.व. को पौष मसान्त सम्ममा गत आ.व. को तुलनामा ४७ प्रतिशत कम बीमालेख समर्पण भएका छन्। कम्पनीको बीमालेख समर्पणको अवस्था जीवन बीमा क्षेत्रमा औसत भन्दा न्यून छ।

कम्पनीले सधैं संस्थागत सुशासन, बीमा ऐन तथा नीति नियमहरूको परिपालना गर्दै आएको छ। साथै, नेपाल बीमा प्राधिकरणको प्रत्यक्ष निगरानी एवं निर्देशन अनुरूप आफ्ना सम्पूर्ण कार्यसम्पादन गरिरहेको छ। नेपाल सरकारका अन्य नियामक निकायहरू लगायत सम्बन्धित सबै सरोकारवाला नियामक निकायहरूको नीति, नियम तथा निर्देशनहरूको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई प्राथमिकता दिएर कम्पनी अगाडि बढिरहेको जानकारी गराउन चाहन्छौं।

कम्पनीका माथि उल्लेखित सूचांकहरूका बावजुद हाल केही मिडियाहरूमा प्रशारित समाचारहरू पूर्ण रूपमा आधारहीन, तथ्यहीन र कपोलकल्पित रहेको स्पष्ट छ। यस्ता निराधार आरोपहरूले लाखौं बीमित, शेयरधनी तथा हजारौं अभिकर्ताहरूको विश्वासलाई कमजोर पार्ने प्रयास गरिएको देखिन्छ। तर कम्पनी आफ्नो दायित्व प्रति पूर्ण प्रतिबद्ध रहँदै विगतमा झैं आफ्नो सेवा निरन्तर प्रदान गरिरहने छ।

त्यसैले, यस्ता आधारहीन समाचारहरूको पछि नलागी निर्धक्क भई कम्पनीमा दृढ विश्वास राख्न तथा कम्पनीले जारी गर्ने बीमालेखहरू खरिद गर्न तथा सेवा सुविधा लिनुहुन सबैलाई हार्दिक अनुरोध गर्दछौं। साथै, कम्पनीसँग सम्बन्धित कुनै पनि सुझाव वा गुनासो भएमा नजिकको शाखा कार्यालय वा कम्पनीको आधिकारिक इमेल मार्फत जानकारी गराउन अनुरोध गर्दछौं। कम्पनी यस्ता भ्रामक समाचार प्रसारण तथा प्रकाशन विरुद्ध कानुनी उपचारका लागि अघि बढ्ने प्रक्रियामा रहेको सबैमा जानकारी गराउँदछौं।

SuryaJyoti जीवनको लागि

ISO 9001:2015 CERTIFIED

**सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**

**केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ | फोन : ०१-४५४५९४१/४२**

**इमेल : info@suryajyotilife.com | वेबसाइट : www.suryajyotilife.com**